# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

## माई नगरपालिका, इलाम




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)


पत्र संख्याः २०७८/७९

च.नं. ६

मितिः २०७८/५/४

श्री प्रमुखज्यू,
माई नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
इलाम ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G.Fax: 977-1-4268309, Fax: 977-1-426-27-98, Post Box: 13328
Email : aag.mgmt@oagnep.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वासनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्याः ०७८/७९
च.नं.: १ मितिः२०७८।५।४

श्री नगर प्रमुखज्यू,
माई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
शितली, इलाम।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले **माई नगरपालिका**को आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय ब्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तीय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७/११/२१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन **पाना २०** यसैसाथ संलग्न छ ।
३. लेखापरीक्षणबाट रु.२ करोड ५० लाख २२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१८ लाख २० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३६ लाख १२ हजार, नियमित गर्नुपर्ने रु.९७ लाख २० हजार र पेश्की बाँकी रु.९८ लाख ७० हजार रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

**माई नगरपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७६/७७**

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस माई नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५३ सभा सदस्य, २४६.११ वर्ग किलोमिटर क्षेत्रफल तथा ३२ हजार ५७६ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष** - आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः
नगरपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सो अनुसारको विवरण प्राप्त हुन सकेन । सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एवं विस्तृत विवरण नखुलाई पेश हुन आएको नगरपालिकाको यस बर्षको आय व्यय निम्नानुसार रहेको छ ।

| सि.नं. | आय तर्फ | रकम | जम्मा रकम | सि.नं. | व्यय तर्फ | रकम | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| १ | **गत वर्षको जिम्मेवारी** | | ७७९९१२५० | | **संचितकोष खर्च** | | |
| | क) बैक | | | १ | **चालु खर्च** | | २२२४५६९७८ |
| | संचितकोष खाता | ६२११५२६६ | | | १.शशर्त अनुदान संघ | १४६०४१०९६ | |
| | धरौटी खाता | ५५८५३४६ | | | २.शशर्त अनुदान प्रदेश | १०३४९९९ | |
| | कर्मचारी कल्याणकोष खाता | ४१८२१९ | | | ३.वित्तीय समानीकरण संघ | ७७६९४२२ | |
| | मर्मत संभारकोष खाता | ३५६०२ | | | ४.वित्तीय समानीकरण प्रदेश | २००० | |
| | प्रकोष व्यवस्थापन कोष | ३०९४२२८ | | | ५.राजश्व वाडँफाड संघ | ५७११५६४५ | |
| | समपुरक कोष | ५२२०४९० | | | ६. राजश्व वाडफाड प्रदेश | ६१८२००० | |
| | गरिबसंग विश्वर | ६००००० | | | ७.न पा आन्तरिक | ३८७७९७९ | |
| | जिल्ला समन्वय समिति | ९२२०९९ | | | ८.विशेष अनुदान प्रदेश | ४३३८३७ | |
| २ | रविचन्द्र ढकालवाट हिनामिना | | १५०९८५०० | | | | |
| ३ | **आन्तरिक आय( सडक वोर्ड सहित)** | | १६४७८६६६ | २ | **पुजिगत खर्च** | | २१९३५१९९५ |
| ४ | **संघीय सरकारवाट हस्तान्तरित** | | ३१४७६८००० | | १.शशर्त अनुदान संघ | १३००३८४७ | |
| | १ समानीकरण अनुदान | १२०८००००० | | | २.शशर्त अनुदान प्रदेश | १७५५२००१ | |
| | २ शशर्त अनुदान | १८२०३५००० | | | ३.वित्तीय समानीकरण संघ | ७२३७९१७५ | |
| | ३ विशेष अनुदान | ३३३३००० | | | ४.वित्तीय समानीकरण प्रदेश | १९८८८०९ | |
| | ४ समपुरक अनुदान | ८६००००० | | | ५.राजश्व वाडँफाड संघ | १४०७९७५६ | |
| | सडक वोर्डवाट प्राप्त | ० | | | ६. राजश्व वाडफाड प्रदेश | ३८१००० | |
| ५ | **प्रदेश सरकार** | | ४२८८०००० | | ७.न पा आन्तरिक | ७४२१९७१६ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १ समानिकरण अनुदान | ७२०२००० | | | ८.विशेष अनुदान प्रदेश | ४९७८६९५ | |
| | २ शशर्त अनुदान | १८५८७००० | | | ९.समपुरक अनुदान प्रदेश | १०००००००० | |
| | ३ विशेष अनुदान | ७०९१००० | | | १०.संघीय सरकार विशेष अनुदान | २१६८९९६ | |
| | ४ समपुरक अनुदान | १०००००००० | | | ११.संघीय सरकार समपुरक अनुदान | ८६००००० | |
| ६ | **राजश्व वाडँफाड** | | ७५१४८६५२ | ३ | **कोष खाता तर्फ** | | ६३८३४६९५ |
| | १.संघिय सरकार | ६९९६४६९८ | | | कर्मचारी कल्याण कोष | ० | |
| | २.प्रदेश सरकार | ५१८३९५४ | | | धरौटी फिर्ता | ७२४८८६२ | |
| | ३.अन्य | | | | प्रकोप व्यवस्थापन कोष | ८९९००८६ | |
| ७ | **कोष सोझै आम्दानी** | | ७७५५५० | | मर्मत संभार कोष | ६२३७६१० | |
| ८ | **धरौटी आम्दानी** | | १२८१३००४ | | समपुरक कोष | ४१३५८१३७ | |
| ९ | **अन्तर सरकारी अख्तियारी** | | ८३९५९५७५ | ४ | **अन्तर सरकारी अख्तियारी** | | ८३९५९५७५ |
| | सामाजिक सुरक्षा | ६७३१६८०० | | | सामाजिक सुरक्षा | ६७३१६८०० | |
| | राष्ट्रीय परिचयिपत्र तथा पञ्जिकरण चालु | ६१७९७५ | | | राष्ट्रीय परिचयिपत्र तथा पञ्जिकरण चालु | ६१७९७५ | |
| | राष्ट्रीय परिचयिपत्र तथा पञ्जिकरण पुजिगत | १७१००० | | | राष्ट्रीय परिचयिपत्र तथा पञ्जिकरण पुजिगत | १७१००० | |
| | स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम | १४६२४८०० | | | स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम | १४६२४८०० | |
| | स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम | १२२९००० | | | स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम | १२२९००० | |
| | | | | ५ | **बैक मौज्दात** | | ८०६७२९४९ |
| | | | | | संचितकोष | ५५३४९३६२ | |
| | | | | | धरौटी बाँकी | १११४९४९० | |
| | | | | | प्रकोप व्यवस्थापन कोष | ३००४७५ | |
| | | | | | विविध कोष खाता | १३८७३६२३ | |
| | | | | ६ | **नसाटिएको चेकको रकम** | | -१६१९७५७ |
| | | | | ७ | **खर्च खाता र कोष खातामा दोहोरो खर्च** | | -६८६७४२६६ |
| | | | | ८ | **संघीय ससर्त फिर्ता** | | २४१५४०६१ |
| | | | | ९ | **प्रदेश ससर्त फिर्ता गर्न वांकी** | | ६७८४६८ |
| | | | | १० | **रविचन्द्र ढकालबाट हिनामिना** | | १५०९८५०० |
| **जम्मा** | | | ६३९९१३१९८ | **जम्मा** | | | ६३९९१३१९८ |

| कार्यालयको नाम - माई नगरपालिका, इलाम | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| | **असुलीको स्थिति** – प्रारम्भिक प्रतिवेदन जारी पश्चात रु.३११३११।- असुल भएको छ । | |
| | • **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार नगरपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेतापनि सबै आर्थिक कारोकारको लेखांकन हुने गरी प्रविष्ट गरेको पाइएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी पालिकाले आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• नगरपालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । | |

| कार्यालयको नाम - माई नगरपालिका, इलाम | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| | • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा नगरपालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको देखियो।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी नगरपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको देखिएन ।<br>• सम्बन्धित फर्म तथा व्यक्तिको नाममा रकम भुक्तानी नगरी कर्मचारीहरुलाई सोध भर्ना दिने गरेको देखियो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा गरेको देखिएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको देखिएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको देखिएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको देखिएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाइएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको देखिएन।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार नगरपालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण गर्न सम्झौता अनुसार गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन । | |

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन ।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको, शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापनस्थल पहिचान एबं कार्ययोजना तयार गरेको देखिएन ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको देखिएन ।
- निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको देखिएन ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस नगरपालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाइएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

- **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**

३. **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट उपर छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप-प्रमुख श्री विष्णुमाया रिमालले २०७६।३।१० गते रु.४७ करोड ८६ लाख ६३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।१६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

४. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | गा पा पुंजिगत | २१९३५२ | १२००५ | ३५४४३ | १६९८९६ | १२८१२० |
| | खर्च प्रतिशत | | ५.४७ | १६ | ७७.४५ | ५८.४० |

चौमासिक पुंजिगत खर्चको स्थितिलाई विश्लेषण गर्दा आषाढ महिनामा बढी खर्च गरेको देखिन्छ । यसरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| कार्यालयको नाम - माई नगरपालिका, इलाम | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| ५. | **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३०८९३००० | १५९५७८९७ | ५१.६५ |
| सामाजिक क्षेत्र | २४६९६३२५० | १९६००३५६२ | ७८.३६ |
| पूर्वाधार विकास क्षेत्र | १७८०७६६९९ | १५८९५३३९१ | ८९.२६ |
| संस्थागत विकास र सेवा प्रवाह | २०००००००० | ६१५२४०८ | ३०.७६ |
| वित्तीय व्यवस्थापन र सुशासन | ७१७७००० | ४७४१७१५ | ६६.०६ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ७०८१४३२५ | ६०००००००० | ८४.७२ |
| **जम्मा** | **५५३९२४२७४** | **४४१८०८९७३** | |

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | • **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ६. | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी खर्च लेखेको छ।<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको कानुनी सल्लाहकर १ करार नियुक्ति गरी बर्षभरीमा रु.१५६०००।- भुक्तानी गरेकोले उक्त खर्च नियमसम्मत देखएको रु....... | १५६०००/- |
| ७. | **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धी व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बांकी नभएको र यो वर्ष १३ विवाद दर्ता भएकोमा १० फछ्र्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| | **नगरपालिका पुंजिगत** | |
| ८. | **मूल्य अभिवृद्धि कर कट्टी** - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशतले कट्टी गरेको मु.अ.कर रकम रु.१३८९२२८।- राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | १३८९२२८/- |

| कार्यालयको नाम - माई नगरपालिका, इलाम | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | मु.अ.कर कर रकम | ५० प्रतिशत मु.अ.कर रकम |
|---|---|---|---|---|
| ६-२०७६/७/३ | सकुशल ट्रेड लिंक प्रालि | ७१२५००० | ८१९६९० | ४०९८४५ |
| ४-२०७६/७/३<br>२९०-२०७७/३/२९ | मकालु इन्जिनियरिङ कन्स्ट्रक्सन प्रालि | १९२९४७५ | २२१९७५ | ११०९८७ |
| ५-२०७६/७/३ | द सेफ व्युल्ट डिजाइन कन्सल्ट | १७९८३९५ | २०६८९५ | १०३४४७ |
| १४८-२०७७/१/३१ | कश्यप कन्सल्ट प्रालि | ६९९००० | ८०४१५ | ४०२०७ |
| १४९-२०७७/१/३१ | डाउनहिल कन्स्ट्रक्सन एण्ड डिजाइनर्स प्रालि | २९९००० | ३४३९८ | १७१९९ |
| २१५-२०७७/३/५ | विएमएस नेपाल प्रालि | १२९९८९५ | १४९५४५ | ७४७७२ |
| २१६-२०७७/३/५<br>२५२-२०७७/३/२१ | द समिट इन्जिनियरिङ कन्सल्टेन्सि | १३९८५२० | १६०८९१ | ८०४४५ |
| २५४-२०७७/३/२१ | बुद्ध रत्न इन्जिनियरिङ कन्सल्टेन्सी | ६७६८०२ | ७७८६२ | ३८९३१ |
| २८९-२०७७/३/२९ | कर्मा कन्स्ट्रक्सन प्रालि | ७९९४७५ | १०३९३१ | ५१९६५ |
| २९४-२०७७/३/२९ | जिओ रिसर्च एण्ड ल्याव प्रालि | ८००००० | ९२०३५ | ४६०१७ |
| २९४-२०७७/३/२९ | स्ल्याव कन्सल्टेन्ट प्रालि | ९००००० | १०३५३९ | ५१७६९ |
| २९५-२०७७/३/२९ | थ्रि डी डिजाइन एण्ड आर्किटेक्स कन्स्ट्रक्सन प्रालि | ६९८९०५ | ८०४०५ | ४०२०२ |
| ७-२०७७/३/३१ (प्रदेश) | अक्षता इन्जिनियरिङ कन्सल्टेन्सी | ९८९९९३ | ११३८९३ | ५६९४६ |
| २-२०७६/६/५ (सडक वोर्ड) | कुन्वोसाङ निर्माण सेवा | १२६९६०० | १४६०६० | ७३०३० |
| ८७-२०७६/११/१५<br>३१०-२०७७/३/३१ | आर्शिवाद निर्माण सेवा (रु.७६९८२४ मा रु.६१५८५८ कट्टा ) | १३३८०००० | १५३९६४८ | १५३९६६ |
| ३-२०७६/६/१४ (विपद कोष) | कुन्वोसाङ निर्माण सेवा | ६८६६९८ | ७९००० | ३९५०० |

| कार्यालयको नाम - माई नगरपालिका, इलाम | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |

| | | | |
|---|---|---|---|
| **जम्मा** | ३४७५०७५८ | ४०१०१८२ | १३८९२२८ |

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ९. | **कर कट्टी -** आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व कर कट्टि गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कम्पाउण्डवाल निर्माण कार्यको अभिनव निर्माण सेवालाई दिएको भुक्तानी रु.११२८८९०/- मा उपर्युक्त व्यवस्था बमोजिमको १.५ प्रतिशतले हुने रु.१६९३३/- कर कट्टा गरेको देखिएन । अतः सम्बन्धित फर्मवाट कर बापत लाग्ने रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु... | १६९३३/- |
| १०. | **बिमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १० लाख रुपैया भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायिले निर्माण सम्बन्धि औजार, उपकरण, कामदार आदिको विमा गराउनुपर्ने व्यवस्था छ । देहायका योजनाहरुमा उपर्युक्त नियममा व्यवस्था भए बमोजिम विमा गरेको देखिएन। संरचना निर्माण कार्यको जोखिम घटाउन अनिवार्य विमा गराउनु पर्दछ । | |

| योजनाको नाम | निर्माण व्यवसायी | कवोल अंक |
|---|---|---|
| तिर्तिरे शुक्रवारे खरवानी सडक | कुन्वोसाङ निर्माण सेवा | ६२१४२७४ |
| वडा नं ६ स्वास्थ्य चौकी निर्माण | अभिनव निर्माण सेवा | २१७१३३९ |
| वडा नं ४ स्वास्थ्य चौकी निर्माण | ,, | २०७११२४ |
| वडा नं १ स्वास्थ्य चौकी निर्माण | ,, | २३३८३६६ |

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ११. | **ठेक्का अभिलेख -** निर्माण ठेक्का कार्यको अभिलेखांकनका लागि महालेखापरीक्षकबाट स्वीकृत म.ले.प.फा.नं.५०७ अनुसारको ढाँचामा अभिलेख राख्नु पर्दछ । उक्त अभिलेखबाट गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारीका लागि उक्त अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्नेमा यस कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ । | |
| १२. | **जमानतको अवधी -** सार्वजनिक खरिद नियमावलीको नियम ११० मा कार्य सम्पादन जमानतको अवधि त्रुटी सच्याउने अवधि भन्दा १ महिना वढीको हुनुपर्ने व्यवस्था छ । निम्न निर्माण व्यवसायीको कार्यसम्पादन जमानतको अवधि देहाय बमोजिम घटी रहेकोले म्याद थप गराई कार्यसम्पादन जमानत लिनु पर्दछ । | |

| ठेक्का नं र निर्माण व्यवसायी | योजनाको नाम | सम्पन्न गर्नु पर्ने मिति | कार्यसम्पादन जमानतको अवधि |
|---|---|---|---|
| ९-२०७६।७७ धिताल कन्स्ट्रक्सन | सितली देखि माझिटार सम्मको सडक | २०७७/३/१५ | २०७८/२/२३ |
| ४-२०७६।७७ कुन्वोसाङ निर्माणसेवा | तिर्तिरे शुक्रवारे खरवानी सडक | २०७७/३/१५ | २०७७/११/२६ |
| ७-२०७६।७७ | कैजली खोल्सिमा कल्वर्ड निर्माण | २०७७/३/१० | २०७७/१२/३० |

| कार्यालयको नाम - माई नगरपालिका, इलाम | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |

| | | | |
|---|---|---|---|
| माइभगवती कन्स्ट्रक्सन प्रालि | | | |
| १३-२०७६।७७ माइभगवती कन्स्ट्रक्सन | कन्काइ मावि विद्यालय भवन | २०७८/५/३० | २०७८/३/१६ |
| २१-२०७६।७७ झरिप्पा निर्माण सेवा | सेमिनार हल | २०७७/८/३० | २०७८/३/२३ |

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १३. | **नगरपालिका भवन निर्माण -** कार्यालयले भवन निर्माण कार्यको डिपीआर तयार गर्दा बजेटको सुनिश्चितता भई निर्माण कार्य गर्ने यकिन भैसकेपछि मात्र गर्नुपर्दछ । नगरपालिकको प्रशासकीय भवन निर्माण गर्न पुर्वाधार विकास कार्यक्रम मार्फत बजेट प्राप्त हुने अनुमान गरी डिपीआर गराई त्यसमा रु.१५३००००।- खर्च गरेको देखियो । नगरपालिकालाई पुर्वाधार विकास कार्यक्रम मार्फत प्रशासकीय भवन निर्माण गर्न रु.२००००००।- मात्र बजेट प्राप्त भएकोले छुट्टै प्रशासकीय भवन निर्माण नगरी निर्माणाधिन नगरपालिका भवनमा नै एक तला थप निर्माण गर्ने गरी निर्णय गरेको देखियो । उक्त एक तला थप निर्माण गर्न पुर्वाधार विकास कार्यक्रम मार्फत प्राप्त बजेट रु.२००००००।- मा नगरपालिकाको लागत सहभागिता थप गरी कम्पाउण्डवालको निर्माण समेत गर्ने गरी रु.९९६७०६१।- को लागत अनुमान बनाई ठेक्का प्रक्रियावाट छनौट भएका निर्माण व्यवसायी झरिप्पा निर्माण सेवाको कवोल अंक रु.६१४५४२५।- स्वीकृत गरी २०७७।८।३० मा निर्माण कार्य सम्पन्न गर्ने गरी २०७७।३।२९ मा सम्झौता गरेको देखियो । यसरी निर्माणाधिन भवनमै एक तला मात्र थप निर्माण कार्य गर्दा एकातिर निर्माणाधिन भवनको पुर्वनिर्धारित डिपीआरमा असर पर्न गएको छ भने अर्को तिर प्रशासकीय भवन निर्माणको डिपीआरमा भएको खर्च कार्यालयलाई अनावश्यक थप व्ययभार पर्न गएको छ । भवन निर्माण गर्न बजेटको सुनिश्चितता नगरी डिपीआर मात्र गर्दा भवन निर्माणको काम हुन नसकी डिपीआर तयारीमा भएको खर्च कार्यालयलाई थप व्ययभार पर्न गएको रु... | १५३००००/- |
| १४. | **उपभोक्ता मार्फत खरिद -** भौ ३०७-२०७७।३।३० कार्यालयले यस वर्ष होलो व्लक इटा बनाउन आवश्यक पर्ने भाइब्रेट मेसिन खरिद गर्न रु.१३०००००।- बजेट विनियोजन गरेको छ । माई होलो व्लक उद्योग उ.स.को रु.३२५०००।- लागत साझेदारीमा मेसिन खरिद कार्य अघि बढाई उद्योगले नै खरिद गरेको वील एवं मेसिन जडान कार्य बापत कार्यालयले उद्योगलाई रु.१२८२७३८।- भुक्तानी दिएको देखियो । कार्यालयले प्रतिस्पर्धा गराई मेसिन खरिद कार्य गर्नुपर्नेमा उपभोक्ता समितिले गरेको खरिद विलको आधारमा कार्यालयले बजेट खर्च लेखी भुक्तानी दिएकोले उक्त कारोबार नियमसम्मत नदेखिएको रु... | १२८२७३८/- |
| १५. | **कन्टिन्जेन्सी -** ठेक्का नं ५-२०७६।७७ वतासे गुनमुने मुसेटार सडक स्तरोन्नती कार्यको लागत अनुमान तयार गर्दा मुल्य अभिवृद्धि कर बाहेक कन्टिन्जेन्सी रु.३६५९०७।- कायम गरी लागत अनुमान तयार गर्नुपर्नेमा मु.अ.कर समेतको रु.४१६०६८।- समावेश गरी लागत अनुमान तयार गरेकोले बढी कन्टिन्जेन्सी रु.५०१६१।- कायम गरी खर्च गरेकोले उक्त खर्च रकम नियमसम्मत नदेखिएको रु... | ५०१६१/- |
| १६. | **भेरियसन -** सार्वजनिक खरिद ऐन ,२०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ बमोजिम खरिद सम्झौतामा तोकिए भन्दा बढी काम गराउनु पर्ने अवस्था सृजना भएमा प्राविधिक पुष्ट्याइ सहित | |

| कार्यालयको नाम - माई नगरपालिका, इलाम | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| | भेरियसन आदेश स्वीकृत गराएर मात्र कार्य गराउनु पर्ने व्यवस्था छ । नगरपालिका कार्यालयवाट निम्न योजनाको कार्यको भेरियसन नगरकार्यपालिकावाट स्वीकृत नगराई खर्च लेखेकोले उक्त खर्च रकम नियमसम्मत नदेखिएको रु... | २३०३२९९/- |

| ठेक्का नं/योजनाको नाम | कवोल अंक | भेरियसन पछिको थप कार्य समेतको खर्च | भेरियसन स्वीकृत नगराइ भएको खर्च |
|---|---|---|---|
| ९-२०७६।७७ सितली देखि माझिटार सडक | ६५४२२०५ | ७२०४७३८ | ६६२५३३ |
| १६-२०७६।७७ तिर्तिरे शुक्रवारे कल्वर्ट ग्राभेल र नाली | ३७८३२२५ | ४७२३२०४ | ९३९९७९ |
| १४-२०७६।७७ सितली देखि माझिटार कल्भर्ट | २६८८१०५ | ३१८६०६६ | ४९७९६१ |
| ७-२०७६।७७ कैजली खोल्सीमा कल्भर्ट निर्माण | २३७२१६० | २५७४९८६ | २०२८२६ |
| **जम्मा** | **१५३८५६९५** | **१७६८८९९४** | **२३०३२९९** |

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १७. | **विमा** - भौ.नं.३१०-२०७७/३/३१ नगरपालिका भवन निर्माणका निर्माण व्यवसायी आशिर्वाद निर्माण सेवाले दोस्रो रनिङ विलमा विमा बापत रु.२८९५१८।- दावी गरी भुक्तानी लिएकोमा विमा गरेको विल खर्चसाथ संलग्न नभएकोले विमा गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु... | २८९५१८/- |
| १८. | **घुम्ती कोष** - संघीय र प्रदेश समपुरक अनुदान तोकिएको कार्यमा मात्र खर्च गर्नुपर्दछ । नगरपालिकाले स्थानीय विकास घुम्तिकोष खाता संचालन गरी सो कोषमा प्रदेश सरकारवाट प्राप्त रकम रु.१००००००००।- र संघीय समपुरक कोषको रु.८६०००००।- समेत रु.१८६०००००।- कोषमा जम्मा गरी लागत सहभागितामा कार्य गरेको पाइयो । प्रदेश र संघीय समपुरक अनुदान घुम्तिकोषमा राखी खर्च गर्न मिल्ने आधार नदेखिएकोले यसरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| १९. | **शीर्षक** - भौ.नं.१७६-२०७७/२/६ स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार पुंजिगत खर्च शीर्षकवाट चालु प्रकृतिका काममा खर्च लेख्न मिल्ने देखिदैन । कार्यालयले हिमालय माविमा निजी स्रोतवाट २ जना कर्मचारी करारमा नियुक्त गरी पुंजिगत शीर्षकवाट रु.१५६०००।- तलब खर्च लेखेको पाइयो । तलब भत्ता जस्ता संचालन खर्च चालु शीर्षकवाट लेख्नुपर्नेमा पूंजिगतवाट लेखेकोले शीर्षक फरकपारी खर्च लेखेको नियमसम्मत नदेखिएको रु... | १५६०००/- |
| २०. | **सवारीसाधन खरिद** - अर्थ मन्त्रालयवाट जारी भएको स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । कार्यालयवाट प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे | |

<table>
<tr><td colspan="3">कार्यालयको नाम - माई नगरपालिका, इलाम आर्थिक वर्ष - २०७६/७७</td></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>सवारी साधन खरिदमा रु.५९९८००।- तथा १ थान चार पांग्रे सवारी साधन खरिदमा रु.७१२५०००।- समेत रु.७७२४८००।- सवारी साधन खरिदमा खर्च गरेको देखियो । यसरी निर्देशिकाको पालना नगरी भएको खर्च नियमसम्मत देखिएन ।</td><td></td></tr>
<tr><td>२१.</td><td>सोझै खरिद - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथिको खरिद बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा तोकिएको सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नगरपालिकाले यो वर्ष पूँजीगत तथा चालु बजेट शीर्षकवाट वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार सोझै खरिद गरेकोले उक्त खरिद कारोवार नियमसम्मत नदेखिएको रु...
<table>
<tr><th>भौ.नं. र मिति</th><th>खरिद विवरण</th><th>फर्मको नाम</th><th>रकम (मु.अ कर समेत)</th></tr>
<tr><td>१७-२०७७/३/२५</td><td>बेड खरिद</td><td>विर्ता सर्जिकिम एण्ड सप्लायर्स झापा</td><td>८७५७५०</td></tr>
<tr><td>२-२०७६/६/१०</td><td>टोटल स्टेशन</td><td>हलेसी ट्रेड एण्ड सप्लायर्स</td><td>४९७२००</td></tr>
<tr><td>,,</td><td>टोटल स्टेशन (ट्रिपड स्टेशन लगायत ७ आइटम)</td><td>पुर्वाञ्चल साइन्टिफिक प्रालि</td><td>४९९४६०</td></tr>
<tr><td>७३-२०७६/११/२</td><td>डेक्स्टप ल्यापटप</td><td>डिजिटेक विर्तामोड</td><td>३१२५००</td></tr>
<tr><td>११९-२०७७/१/१६</td><td>ल्यापटप एक्वार ४ थान</td><td>ट्रेड लिंक</td><td>३१२५१७</td></tr>
<tr><td>२५७-२०७७/३/२२</td><td>८/८ डेस्कटप मनिटर</td><td>एके सप्लायर्स</td><td>४८००००</td></tr>
<tr><td>,,</td><td>विद्युतीय हाजिर मेसिन</td><td>सफ्टेक इन्फोसेस प्रालि</td><td>४०६८००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>३३८४२२७</td></tr>
</table></td><td>३३८४२२७/-</td></tr>
<tr><td></td><td>नगरपालिका चालु</td><td></td></tr>
<tr><td>२२.</td><td>कर कट्टी - आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व कर कट्टि गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसारको भुक्तानीमा उपर्युक्त व्यवस्था बमोजिमको कर कट्टा गरेको देखिएन । अतः देहायका सम्बन्धित फर्म तथा व्यक्तिवाट कर बापत लाग्ने रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु...
<table>
<tr><th>भौ.नं. र मिति</th><th>कार्यक्रमको नाम</th><th>विवरण</th><th>भुक्तानी लिनेको नाम</th><th>भुक्तानी रकम</th><th>१५ प्रतिशत कर</th></tr>
<tr><td>३७-०७६।१०।१४</td><td>आपांगता शिविर</td><td>सहयोगि भत्ता</td><td>विभिन्न</td><td>१०८०००</td><td>६७९५</td></tr>
<tr><td>८९-०७६।१२।०७</td><td>ढाका सिलाइ बुनाइ</td><td>प्रशिक्षण</td><td>मुना कुरुमाङ्ग</td><td>६००००</td><td>९०००</td></tr>
<tr><td rowspan="3">१८१-०७६।३।२७</td><td>विवाद समाधान</td><td>मेलमिलाप कर्ता</td><td>हेम लायो मगर</td><td>१५००</td><td>२२५</td></tr>
<tr><td>विवाद समाधान</td><td>मेलमिलाप कर्ता</td><td>शिव आचार्य</td><td>४०००</td><td>६००</td></tr>
<tr><td>विवाद समाधान</td><td>मेलमिलाप कर्ता</td><td>प्रेम सिन्चिउरी</td><td>२५००</td><td>३७५</td></tr>
<tr><td rowspan="2">१६३-०७७।३।२२</td><td>विवाद समाधान</td><td>मेलमिलाप कर्ता</td><td>सेतु तामाङ्ग</td><td>६०००</td><td>९००</td></tr>
<tr><td>विवाद समाधान</td><td>मेलमिलाप कर्ता</td><td>महेन्द्र थापा</td><td>६०००</td><td>९००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>१८७९५</td></tr>
</table></td><td>१८७९५/-</td></tr>
</table>

**कार्यालयको नाम - माई नगरपालिका, इलाम** **आर्थिक वर्ष - २०७६/७७**

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | **शिक्षातर्फ** | |
| २३. | **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । नगरपालिका अन्तर्गत विभिन्न तहका ४४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | ४४ विद्यालय | २३० | २३० | ३६ | ५५४८ |

| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| २४. | **विद्यालयगत निकासा रजिष्ट्रर -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नुपर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नु पर्दछ । | |
| २५. | **छात्रवृति तथा पाठ्यपुस्तक वितरण -** कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार छात्रवृत्ति तथा पाठ्यपुस्तक दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्थाका लागि कार्यालयले अनुगमन गर्नुपर्दछ । कार्यालयले यस आ.ब.मा छात्रवृत्ति बापत रु.८७७०००।- र निशुल्क पाठ्यपुस्तक बापत रु.२६०४०००।- गरी ४४ विद्यालयहरुलाई रु.३४८१०००।- निकासा दिएको छ । उक्त निकासा रकम तोकिएको प्रक्रिया अनुसार वितरण भए नभएको तथा दोहोरो परे नपरेको सम्बन्धमा कार्यालयले अनुगमन गरेको छैन । जसबाट सो रकमको सही उपयोग सम्बन्धमा सुनिश्चित हुने आधार देखिएन । त्यसैले कार्यालयबाट निकासा हुने रकम दोहोरो नहुने तथा तोकिए बमोजिम वितरण गर्ने व्यवस्थाका लागि निरन्तर अनुगमन मूल्यांकन हुनुपर्दछ । | |
| २६. | **सामाजिक परीक्षण र वित्तीय लेखापरीक्षण -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७७ बमोजिम यस नगरपालिका अन्तर्गतका ७ माध्यमिक विद्यालय र ३७ आधारभुत विद्यालयलाई क्रमशः १५ हजार र १० हजारका दरले सार्वजनिक परीक्षण तथा लेखापरीक्षण बापत रु.४७५०००।- अनुदान दिएकोमा सामुदायिक विद्यालयले लेखापरीक्षण गराई पारदर्शिता जवादेहिताको सुनिश्चितताका साथ दोस्रो चौमासिक निकाशा दिंदा सम्म सामाजिक परीक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा लेखापरीक्षण अवधिसम्म आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन । | |
| २७. | **करार कर्मचारी चाडपर्व खर्च -** नेपाल सरकार, मन्त्री परिषद्को मिति २०७४।१।२१ को निणर्यानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई कम्तिमा ६ महिना करार सेवा गरेमा सालवसाली रुपमा १ महिनाको आधारभुत पारिश्रमिक वरावरको चाडपर्व खर्च उपलब्ध गराउने भन्ने व्यवस्था छ । कन्काइ मावि, दानावारीका शिक्षक डिल्लीराम ढकाल २०७६।५।८ मा करारमा | |

| कार्यालयको नाम - माई नगरपालिका, इलाम | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणवाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |
| | नियुक्त भई कार्यरत रहँदा निजको करार अवधि ६ महिना नपुग्दै रु.४०३८०।- चाडपर्व खर्च भुक्तानी भएकोले दिन नमिल्ने उक्त रकम असुल हुनुपर्ने रु... | ४०३८०/- |
| २८. | **विद्यालय कर्मचारी व्यवस्थापन अनुदान -** कार्यक्रम कार्यान्वियन निर्देशिका २०७६।७७ मा आधारभुत तथा माध्यामिक तह संचालन भएका विद्यालयमा सहयोगी कर्मचारी र विद्यालय सहायक कर्मचारीहरु व्यवस्थापनका लागि कक्षा १-८ सम्म चलेका विद्यालयलाई १ जना विद्यालय सहयोगी र १-१० तथा १-१२ सम्म चलेका विद्यालयलाई १ जना सहयोगी र १ जना विद्यालय सहायक कर्मचारी राखी १३ महिना बराबरको पारिश्रमिक अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले देहाय बमोजिमका विद्यालयलाई १ जना बढी सहयोगी कर्मचारीको १३ महिनाको पारिश्रमिक अनुदान खर्च लेखेको देखियो यसरी निर्देशिकाले तोकिदिएको संख्या भन्दा बढी संख्याको सहयोगी कर्मचारी पारिश्रमिक खर्च लेखेको रकम रु.१६२५००।- असुल गरी संघीय संचितकोष दाखिला हुनुपर्ने रु... | १६२५००/- |

| विद्यालयको नाम | अनुदान दिनुपर्ने संख्या | अनुदान दिएको संख्या | अनुदान दिनुपर्ने रकम | अनुदान रकम | बढी रकम |
|---|---|---|---|---|---|
| श्री लक्ष्मी आदर्श मावि | १ | २ | ९७५०० | १४९५०० | ५२००० |
| श्री कन्काइ मावि | २ | ३ | २४७००० | २९९००० | ५२००० |
| श्री विरेन्द्र आवि | १ | २ | ९७५०० | १५६००० | ५८५०० |
| **जम्मा** | | | | | **१६२५००** |

| | | |
|---|---|---|
| २९. | **बढी निकासा -** विद्यालयलाई अनुदान रकम निकासा दिंदा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ ले मार्गदर्शन गरे बमोजिम विद्यालय संचालनको अवस्था यकिन गरी कार्यक्रम अनुसार स्वीकृत बजेटको अधिनमा रही अनुदान निकासा दिनुपर्दछ । नगरपालिकाले निम्नानुसारको कार्यक्रममा सो भन्दा बढी निकासा दिएको देखिंदा यसरी बढी निकासा भएको रकम असुल हुनुपर्ने रु... | ६००००/- |

| कार्यक्रमको नाम | अनुदान दिनुपर्ने रकम | दिएको रकम | बढी रकम |
|---|---|---|---|
| विद्यालय संचालन तथा व्यवस्थापन | ७६५००० | ७९५००० | ३०००० |
| सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण | ४७५००० | ४९०००० | १५००० |
| विद्यालय सुधार योजना | ६९५००० | ७१०००० | १५००० |
| **जम्मा** | | | **६००००** |

| | | |
|---|---|---|
| २९.१. | **थप पाठ्यपुस्तक -** निशुल्क पाठ्यपुस्तक अनुदानमा थप निकासा दिंदा २०७७ बैशाखवाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद एवं वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम थप गर्न सकिने व्यवस्था रहेको छ । नगरपालिकाले अन्तर्गतका विद्यालयहरुलाई कुनै विवरण तथा प्रमाण बेगर नपुग भएको भनी थप पाठ्यपुस्तको लागि रु.४९३६५७।- अनुदान दिएको पाइयो । साथै २०७६।१२।११ देखि कोभिड-१९ ले सम्पूर्ण देशभर लकडाउन भएको कारण विद्यालयहरुको शैक्षिकसत्र २०७७ शुरु हुन नसकेको र विद्यार्थी भर्ना नभएको, IEMIS मा तथ्यांक | |

<table>
<tr><th colspan="3">कार्यालयको नाम - माई नगरपालिका, इलाम आर्थिक वर्ष - २०७६/७७</th></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>प्रविष्ट नभएको अवस्थामा समेत विद्यालयलाई थप निशुल्क पाठ्यपुस्तक रकम अनुदान दिएकोले सो खर्चको पुष्ट्याइ प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु...</td><td>४९३६५७/-</td></tr>
<tr><td>३०.</td><td>वितरणको प्रमाण - भौ.नं.१९२/२०७७/३/१६ समुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने महिनावारी व्यवस्थापन सामाग्री वितरण कार्यको लागि नगरपालिकाले यस आ.ब.मा २०८७६ प्याकेट सेनिटरी प्याड खरिद गरी रु.१४३८९८२।- खर्च गरेको छ । उक्त सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी विद्यालयले यसरी प्राप्त सामान जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नुपर्ने कार्यविधिमा उल्लेख छ । पालिकाले खरिद गरेको २०८७६ प्याकेट सेनिटरी प्याडमध्ये २००४० थान १५ विद्यालयलाई हस्तान्तरण भएको देखिन्छ भने ८३६ प्याकेट पालिकामा नै मौज्दात रहेको छ । विद्यालयले प्राप्त गरेको र पालिकामा मौज्दात रहेको समेत सबै सेनिटरी प्याड सम्बन्धित छात्राहरुलाई वितरण गरेको प्रमाण पेश हुनुपर्ने रु...</td><td>१४३८९८२/-</td></tr>
<tr><td>३१.</td><td>विद्यालय भौतिक पूर्वाधार - विद्यालय भौतिक पुर्वाधार निर्माणको लागि यस वर्ष पालिकाको निम्न विद्यालयहरुलाई फर्निचर सहितको कक्षाकोठा निर्माण कार्यक्रममा प्रतिकोठा ८ लाखका दरले २ कोठे ब्लकको लागि कुल १६ लाख बजेट विनियोजन भएको छ । उक्त भवनको लागत अनुमान तयार गर्दा कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम फर्निचर समावेश गरी लागत अनुमान तयार भएको पाइएन। यसरी निर्देशित कार्यक्रम अनुसार कार्य नहुनाले फर्निचरको अभावमा कार्यसंचालनमा कठिनाई हुने हुँदा पालिकाले निर्देशिकामा उल्लेखित व्यवस्था अनुसार कार्य गराउने तर्फ पहल गर्नुपर्दछ ।<br>
<table>
<tr><th>विद्यालयको नाम</th><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>हिमालय मावि</td><td>दुइकोठे भवन निर्माण(फर्निचर सहित)</td><td>१६०००००</td></tr>
<tr><td>विन्ति विनायक आवि</td><td>,,</td><td>१६०००००</td></tr>
<tr><td>युवा वर्ष मावि</td><td>,,</td><td>१६०००००</td></tr>
<tr><td>आदर्श बुद्ध आवि</td><td>,,</td><td>१६०००००</td></tr>
<tr><td>बुद्ध आवि</td><td>,,</td><td>१६०००००</td></tr>
<tr><td>लक्ष्मी आदर्श मावि</td><td>,,</td><td>१६०००००</td></tr>
<tr><td>शिशु सेवा मावि</td><td>,,</td><td>१६०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>स्वास्थ्यतर्फ</td><td></td></tr>
<tr><td>३२.</td><td>औषधी खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । स्थानीय तहले उक्त प्रक्रियानुसार रु.१९७९६००।- को औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको थप व्यहोराहरु निम्नानुसार छनः</td><td></td></tr>
<tr><td>३२.१.</td><td>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. वाट सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भनी खुलाएको प्रमाण समावेश नभएको ।</td><td></td></tr>
</table>

<table>
<tr><th colspan="3">कार्यालयको नाम - माई नगरपालिका, इलाम      आर्थिक वर्ष - २०७६/७७</th></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>३२.२.</td><td>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>३२.३.</td><td>जिन्सी किताबमा औषधि आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।</td><td></td></tr>
<tr><td>३२.४.</td><td>औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारीसारी अभिलेख व्यवस्थित गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३.</td><td>खर्च शीर्षक - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा सम्वन्धित खर्च शीर्षक मिलाई बजेट खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले निम्न मिति र भौ.नं.वाट देहायअनुसार खर्च लेख्दा सम्बन्धित शीर्षकमा खर्च नलेखी अन्य शीर्षकवाट खर्च लेखेको पाइएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु...
<table>
<tr><th>भौ.नं. र मिति</th><th>खर्च लेख्नु पर्ने शीर्षक</th><th>खर्च लेखेको शीर्षक</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>२-२०७६/६/९ संघीय शसर्त</td><td>महिला विकास कर्मचारी (तलब भत्ता)</td><td>स्वास्थ्य चौकी, प्रा.स्वा.के, अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलब भत्ता</td><td>१४०६९५</td><td></td></tr>
<tr><td>३-२०७६/६/१४ विपद कोष</td><td>स्थानीय विकास घुम्ति कोष</td><td>विपद व्यवस्थापन कोष</td><td>६८६६९८</td><td>नगरपालिका सभाहल निर्माणको अन्तिम किस्ता भुक्तानी</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>८२७३९३</td><td></td></tr>
</table></td><td>८२७३९३/-</td></tr>
<tr><td>३४.</td><td>खर्च सोधभर्ना - कार्यालयले स्वीकृत बजेट खर्च लेख्दा शीर्षक मिलाई तोकिएको शीर्षकमा मात्रै खर्च लेख्नु पर्दछ । नगरपालिकाले आफ्नो आन्तरिक श्रोतवाट व्ययभार हुने गरी ल्याब असिस्टेन्ट सावित्रा दाहाललाई करारमा नियुक्त गरेको र निजलाई प्रति महिना रु.२००००।- पारिश्रमिक उपलब्ध गराउने सम्झौता भएकोमा कार्यालयले निजलाई २०७६ श्रावण देखि २०७६ फागुनसम्म ८ महिना शसर्ततर्फको स्वास्थ्य चौकी, प्रा.स्वा.के, अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलब भत्ता शीर्षकवाट रु.१६००००।- भुक्तानी दिएको देखियो । न.पा. आन्तरिक श्रोतवाट व्यहोरिनु पर्ने खर्च संघीय शसर्तवाट लेखेकोले लेख्न नमिल्ने रु.१६००००।- संघीय संचितकोष फिर्ता हुनुपर्ने रु...</td><td>१६००००/-</td></tr>
<tr><td>३५.</td><td>ग्रेड भुक्तानी - नगरपालिकाले निम्न कर्मचारीहरुलाई २०७३ साल श्रावण १ देखि २०७७ आषाढ मसान्तसम्म हालको ग्रेड दरमा प्राविधिक २ ग्रेडले हुने रकम भुक्तानी दिएकोमा हालको दरको ग्रेड रकमवाट निजहरुले खाइपाई आएको ग्रेड रकम कट्टा गरी बाँकी हुन आउने रकम मात्र खर्च लेख्नुपर्नेमा सो कट्टा नगरी खर्च लेखेकोले बढी भुक्तानी भएको रकम असुल गरी दाखिला हुनुपर्ने रु...
<table>
<tr><th>कर्मचारीको नाम</th><th>हालको दरमा हिसाब गर्दा हुने ग्रेड रकम</th><th>खाइपाइ आएको ग्रेड रकम</th><th>भुक्तानी हुनुपर्ने रकम</th><th>भुक्तानी भएको रकम</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>अनमी पाँचौ सुशिला गिरी</td><td>७८९३६</td><td>२३०४०</td><td>५५८९६</td><td>७८९३६</td><td>२३०४०</td></tr>
</table></td><td>२३०४०/-</td></tr>
<tr><td></td><td>विपद व्यवस्थापन कोष</td><td></td></tr>
</table>

| कार्यालयको नाम - माई नगरपालिका, इलाम | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| ३६. | विपद व्यवस्थापन कोषमा गत बर्षको मौज्दात रु.३०९४२२८।- र यस वर्षको आम्दानी (प्रदेश सरकार र पालिकावाट गरी) रु.४७६३९९४।- समेत जम्मा रु.७८५८२२२।- वाट विपद् व्यवस्थापन सम्बन्धी कार्य र कोभिड-१९ (कोरोना) मा रु.७५५७७४७ खर्च भएको छ । उक्त खर्च मध्ये रु.२१०८८९५।- राहत वितरणमा, रु.१२२१७५०।- औषधी तथा औषधी जन्यमा, रु.३१५५००।- सवारी यातायातमा, रु.१५७६५०७।- खाजा खानामा र बाँकी रकम क्वारेन्टइन निर्माण र विविधमा खर्च भएको अवस्था छ । | |
| ३७. | **धरौटी कट्टी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४ मा सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा रिटेन्सन मनी बापत विजकमा उल्लेखित रकमको ५ प्रतिशत रकम कट्टी गरी राख्नुपर्ने उल्लेख छ । कुन्वोसाङ निर्माण सेवालाई नगरपालिका सभाहल निर्माण कार्यको रकम रु.६८६६९८।-(मु.अ.कर समेत) भुक्तानी दिंदा ५ प्रतिशत रु.३०३८४।- धरौटी कट्टि गर्नुपर्नेमा नगरी भुक्तानी दिएकोले नियमित नदेखिएको रु... | ३०३८४/- |
| | **आन्तरिक आयतर्फ** | |
| ३८. | **असुली गर्न बाँकी आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत स्थानीय तहले विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । नगरपालिकाले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार २ निर्माण व्यवसायिबाट रु.१४००३८०।- असुल गर्न बाँकी रहेको छ । | |

| सि.नं. | ठेक्का सकार कर्ताको नाम | आय ठेक्काको नाम | सम्झौता रकम | दाखिला रकम | बाँकी रकम मुअ कर समेत |
|---|---|---|---|---|---|
| १ | पुमा कन्स्ट्रक्सन कम्पनी प्रालि | नदि जन्य पदार्थ संकलन र विक्री | १६०५००० | ८०२५०० | १०११११५० |
| २ | मनोकामना एग्रोभेटका प्रो खगेन्द्रमणी ढुंगेल | निकासी कर | २२०१८१० | २१५०००० | ३३८०४५ |
| ३ | ,, | प्राकृतिक श्रोत उपयोग कर | ३९६६२४ | ३९७००० | ५११८५ |
| **जम्मा** | | | | | **१४००३८०** |

| | | |
|---|---|---|
| | उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकममा सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु. | १४००३८०/- |
| ३९. | **नगदी रसिद नियन्त्रण खाता -** कार्यालयले गत वर्षको जिम्मेवारी सरी आएको, यस वर्ष छपाई गरेको, यस वर्ष प्रयोग गरेको र अर्को वर्षलाई जिम्मेवारी सर्न गएको नगदी रसिदको यथार्थ हिसाब देखिनेगरी नगदी रसिद नियन्त्रण खाता तयार गरी प्रमाणित रुपमा राख्नुपर्दछ । कार्यालयले नगदी रसिद नियन्त्रण खाता नराखेको कारण के कति नगदी रसिद छपाई, के कति प्रयोग गरीयो र के कति बाँकी छ सो | |

| कार्यालयको नाम - माई नगरपालिका, इलाम | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणवाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
| | सम्बन्धमा यकिन हुन सकेन । कार्यालयले राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिलासम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानिय तहको बास्तविक राजस्व असुली र दाखिला यकिन हुन सक्ने अवस्था देखिएन । | |
| ४०. | **विवाद दर्ता शुल्क -** नगरपालिकाले न्यायिक समिति सम्बन्धि कार्यविधि, २०७४ को बुँदा नं१४ अनुसार प्रचलित कानूनमा विवाद दर्ता शुल्क तोकिएमा सोही बमोजिम तथा दस्तुर नतोकिएमा प्रति विवाद रु.१००।- लाग्ने व्यवस्था छ । नगरपालिकाले प्रति विवाद रु.३००।- तोकेकोमा यस वर्षमा जम्मा ३२६ विवाद दर्ता भएको अभिलेखवाट देखिंदा उक्त विवाद दर्ताको दस्तुर रु.९७८००।- आम्दानी हुनुपर्नेमा आम्दानी गरेको देखिएन । न्यायिक समितिकालाई जिम्मेवार बनाइ उक्त दस्तुर असुल हुनुपर्ने रु... | ९७८००/- |
| ४१. | **व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले व्यवसायीहरुको लगत अद्यावधिक गरी राखेको पाइएन । पालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणको क्रममा पेश भएन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख राखी निजहरुलाई करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ४२. | **डीपीआर खर्च —** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र डीपीआरको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार रु.१२२८९४६०।- को विभिन्न विषयको डिपीआरको कार्य १२ परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। | |
| ४३. | **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका १० वडाहरुमा गोरेटो वाटो निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ८८ जनालाई रोजगारी उपलव्ध गराई रु.१३४६०००।- खर्च गरेको छ । लक्षित वर्गलाई २१ दिनदेखि २९ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला खर्च लेखेका छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको छ भन्न सकिएन। | |
| | **सामाजिक सुरक्षा कार्यक्रमतर्फ** | |
| ४४. | **भत्ता वितरण -** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को प्रावधान बमोजिम गर्नुपर्दछ । सामाजिक सुरक्षामा यस वर्ष रु.६७३१६८००/- खर्च भएकोमा देखिएका थप व्यहोराहरु निम्न अनुसार छन् । | |

| कार्यालयको नाम - माई नगरपालिका, इलाम | | आर्थिक वर्ष - २०७६/७७ |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणवाट देखिएका व्यहोरा** | **बेरुजू रकम रु.** |
| ४४.१. | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७५ को परिच्छेद ४ को बुँदा नं १५ मा एम.आई.एसमा अद्यावधिक लगतका आधारमा भत्ता रकम निकासा गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाबाट प्राप्त एम.आई.एस विवरणको मूल अभिलेखको परीक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन। नमुना छनौट गरी भत्ता वितरणको परीक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना.प्र.नं दोहोरिएको, ना.प्र.नं जारी मिति उल्लेख नगरेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेको समेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको यकिन गर्न सकिएन । एम.आई.एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम.आई.एसमा लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नु पर्दछ । | |
| ४४.२. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधी, २०७५ अनुसार स्थानीय तहले सामाजिक सुरक्षा भता उपभोग गर्न इच्छुक र योग्य नागरिकवाट तोकिएको मितीमा वडा कार्यालयले अनुसुची-३ र ४ बमोजिमको ढाँचामा दरखास्त फारम आहवान गरी नाम दर्ता र नवीकरण गर्ने व्यवस्था छ । कार्यालयले कार्यविधिको पालनामा ध्यान नपुऱ्याएको हुँदा लाभगाहीको सख्या यकिन गर्न सकिएन। | |
| ४४.३. | कार्यविधिको बुंदा नं. २२ अनुसार सामाजिक सुरक्षा भत्ता बैक मार्फत मात्र वितरण गर्नुपर्ने, नगदै वितरण गर्नुपरे मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र वितरण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले १० वटै वडामा लाभग्राहीलाई ३ वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता नगदै वितरण गरेकोमा मन्त्रालयको पूर्व स्वीकृति लिएको देखिएन । नगरपालिकाले कार्यविधिमा भएको बैंकमार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ । | |
| ४४.४. | **सार्वजनिक सुनुवाइ -** वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सुधार गर्न सक्ने कुरा सम्बोधन गरी सुधार गर्न नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ । | |
| ४५. | **पेश्की -** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ अनुसार तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्नेमा निम्न अनुसारको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु... | ९८७००००/- |

| पेश्की लिनेको नाम | पेश्की दिएको मिति | रकम | म्याद नना्घेको मोविलाईजेशन पेश्की |
|---|---|---|---|
| नासिव निर्माण सेवा | २०७७/३/९ | ९१०००० | |
| सतासी/आरके/झापाली | २०७७/३/३० | ४३७०००० | |
| सुजल निर्माण सेवा | २०७७/३/८ | ५४०००० | |

<table>
<tr><td colspan="3">कार्यालयको नाम - माई नगरपालिका, इलाम      आर्थिक वर्ष - २०७६/७७</td></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>झरिप्पा निर्माण सेवा</td><td>२०७७/३/८</td><td>५०००००</td><td></td></tr>
<tr><td>उपाध्याय निर्माण सेवा</td><td>२०७७/३/३१</td><td>५५००००</td><td></td></tr>
<tr><td>माइभगवती कन्स्ट्रक्सन</td><td>२०७७/२/२९</td><td>३००००००</td><td></td></tr>
<tr><td>झरिप्पा निर्माण सेवा</td><td>२०७७/३/२९</td><td></td><td>१२२९०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>९८७००००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td>अनुगमन तथा सम्परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागि कार्यालयबाट अनुरोध भई आएन ।</td><td></td></tr>
<tr><td></td><td>संचित कोष तथा बेरुजुको स्थिति - पालिकाको संचित कोषको स्थिति, बेरुजु बर्गिकरण र अद्यावधिक वेरुजुको स्थिति क्रमशः अनुसूची-१, २ र ३ मा समावेश गरिएको छ ।</td><td></td></tr>
</table>

अनुसूची-१

## संचित कोषको स्थिति

| प्रदेश | जिल्ला | स्थानीय तह | महा/उपमहा/ नगर/गाउँ पालिका | लेखापरीक्षण रकम | बेरुजू रकम | प्रतिशत | आय | | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | गतवर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँट रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| प्रदेश नं.१ | इलाम | माई नगरपालिका | नगरपालिका | ११२११६२ | २५०२२ | २.२३ | ७७९९१ | ३५७६४८ | ७५१४९ | १६४७९ | ११२६४६ | ५६१९२२ | २२२४५७ | २१९३५२ | ११७४३१ | ५५९२४० | ८०६७३ |

अनुसूची-२

## बेरुजु बर्गीकरण

| प्रदेश | जिल्ला | स्थानीय तह | महा/उपमहा /नगर/गाउँ पालिका | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| प्रदेश नं.१ | इलाम | माई नगरपालिका | नगरपालिका | ३१ | २९ | २७५०० | ० | ७ | २४७८ | ३१ | २२ | २५०२२ | १८२० | ९७२० | ३६१२ | ० | ० | १३३३२ | ० | ९८७० | ९८७० |

अनुसूची-३

## अद्यावधिक बेरुजुको स्थिति

| प्रदेश | जिल्ला | स्थानीय तह | महा/उपमहा/ नगर/गाउँ पालिका | गत वर्षको अनुसूचीवाट | समायोजन | गत बर्ष सम्मको बाँकी बेरुजु | सं.प.को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको बाँकी रकम | यो वर्षको थप रकम | ५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु | ५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश नं.१ | इलाम | माई नगरपालिका | नगरपालिका | ४०४८८७ | ० | ४०४८८७ | ० | ० | ० | ० | ४०४८८७ | २५०२२ | ४२९९०९ | १२७४८ |